# ७. श्री रणधीर सुब्बा

*[संवत् २०३७ सालको 'मदन पुरस्कार' 'नरसिंह अवतार' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री जगदीशशमशेर राणालाई समर्पण गर्न संवत् २०३८ साल आश्विन १६ गते रोज ६ का दिन आयोजित समारोहमा श्री रणधीर सुब्बाले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क ८८ बाट उद्धृत गरिएको हो।]*

महिला तथा सज्जनवृन्द !

नेपाली वाङ्मयको संवर्धनको निम्ति अग्रगामी हुने मदन पुरस्कार गुठीको, यो २०३७ सालको पुरस्कार प्रदान हुने समारोहमा दुई शब्द बोल्ने अवसर दिनुभएकोमा म यस गुठीका सम्माननीया संस्थापिका र सदस्यहरूप्रति धन्यवाद ज्ञापन गर्दछु।

यस गुठीअन्तर्गत सञ्चालन भएको मदन पुरस्कार पुस्तकालयको उद्देश्य अति प्रशंसनीय छ– "नेपाली भाषामा छापिएका प्रत्येक पुस्तक, पुस्तिका, पत्र-पत्रिका, पर्चा पोस्टरहरूसमेत नियमित रूपले सङ्ग्रह गर्नु"।

सय, दुई सय, हजार वर्षपछिका नेपालीहरूले यो पुस्तक सङ्ग्रहालयमा भएका २००७ सालदेखि यताका पत्र-पत्रिका, पुस्तक-पुस्तिका पढ्दा नेपाली वाङ्मयको इतिहासको खुड्किलाखुड्किला पैल्याउन सक्नेछन्। नेपालले मध्यकालीन युगबाट, कुनै प्रकारको तैयारी बिना, २००७ सालमा एकै फड्कोमा आधुनिक युग, हाइड्रोजन बमको युग, कृत्रिम भू-उपग्रहको युगमा, प्रवेश गरेको, त्यस्तो लामो फड्को चाल्दा असमञ्जसमा परेको, परिस्थिति बुझ्न नसकेको, आफैँलाई बुझ्न नसकेको, आत्तिएको, कहालिएको नयाँ युगको उल्लासले मात्तिएको कराएको, चिच्च्याएको, हाँसेको, सपना विपना छुट्ट्याउन नसकेको, तर्सेको र उच्छृङ्खल भएको, तर सँगसँगै नयाँ परिस्थितिमा नयाँ युग सुहाउँदो बन्ने प्रयास गरेको– सबै कुराको स्पष्ट चित्र भविष्यको नेपालीले पढ्न सक्नेछ– हामीले भन्दा स्पष्ट तौरले, किनकि उसले टाढोबाट हेर्ने छ, र सबै परिस्थिति र सबै आयाम देख्न सक्नेछ; हामी ता रङ्गमञ्चमा भूमिका खेल्ने भयौँ, हामीले ता खेलाडीको सीमित दृष्टिकोणबाट मात्र हेर्न सक्छौँ।

यो वर्षका पुरस्कार विजेता श्री जगदीशशमशेर राणा मेरा मित्र हुन् । २००८ सालदेखि २०१६ सालसम्म हामी नेपाल राष्ट्रवादी गोर्खा परिषद्का सहयोगी, दु:ख-सुखका सहभागी, लक्ष्य र आकांक्षाका साझेदारी थियौं । तिनताक, आठ वर्षसम्म, औपचारिक तौरले अथवा अनौपचारिक तौरले छलफल गर्दा, काठमाडौंमा वा काठमाडौंबाहिर हेर्दा, खाँदा बस्दा, हिँड्दा, सुत्दा पनि ननिदाउन्जेल, हाम्रो चर्चाको, वार्तालापको, एउटै विषय थियो– नेपालको सार्वभौमको रक्षा; विदेशी हस्तक्षेप र भियतनाम लाओस । हाम्रो सारा हृदय, सारा मस्तिष्कमै एउटै विषयले व्याप्त गरेको थियो । त्यसकारण साहित्य, कला, दर्शनबारे हामीले कुरा गरेनौं, विचारको आदान प्रदान पनि गरेनौं, केवल हामी मूल विषयबारे कुरा गर्दा, सन्दर्भवश, यदाकदा इतिहास, कला, साहित्य, राजनीतिक र आर्थिक 'थिअरी' बारे उल्लेखसम्म हुन्थ्यो, छलफल हुँदैन थियो । तर त्यसबेला पनि मित्र श्री जगदीशशमशेरको साहित्यप्रति रुचि र साहित्यक प्रतिभाको झलक पाएको थिएँ । चित्रकलामा पनि उनको अभिरुचि मलाई थाहा थियो; तर ती आठ वर्षभरि कला र साहित्यको निम्ति समय कहाँ थियो र ?

आज मेरो मित्रको कृति 'मदन पुरस्कार'को योग्य ठहरियो; म हर्षित छु र मेरा मित्रलाई हृदयदेखि बधाई दिन्छु र अघि आठ वर्षभरि जुन मुख्य विषय लिएर हाम्रो विपनाको समय बित्थ्यो, त्यसबारे स्मरण गराउँछु ।

☒ ☒ ☒